दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६३ | बुटवल | २०८२ असोज ०४ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday September 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**संविधानको एक दशक।**

- संविधान देशको मुल कानून हो।
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवस भव्य रुपमा मनाऔं।
- संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार विज्ञापन बोर्ड

## लुम्बिनीमा जेनजी आन्दोलन :

# १३१ सरकारी कार्यालय र ७३ निजी सम्पत्तिमा क्षति

**कम्तीमा ५० वटा सरकारी कार्यालय र १८ जनाको निजी घर/सम्पत्ति पूर्ण नष्ट भएको छ। विवरण संकलन गरिरहेकाले क्षतिको यकिन तथ्यांक तयार भइनसकेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। माओवादी बाहुल्य रोल्पा, रूकुमसहित पहाडी ५ जिल्लामा आन्दोलनको असर अति न्यून देखिएको छ।**









**टिआर शर्मा**
*बुटवल*

जेनजी आन्दोलनको क्रममा लुम्बिनी प्रदेशमा १३१ सरकारी कार्यालय र ७३ निजी सम्पत्तिमा क्षति आगजनी र तोडफोड भएको प्रारम्भिक विवरण प्रहरीले सार्वजनिक गरेको छ। सामाजिक सञ्जालमा प्रतिबन्ध र भ्रष्टाचारको विरोधमा जेनजी युवाले भदौ २३ र २४ गते देशव्यापी आन्दोलन गरेका थिए। त्यस क्रममा सबैभन्दा बढी क्षति दाङ जिल्लामा भएको छ, जहाँ करिब ७० वटा संरचनामा तोडफोड र आगजनी गरिएको छ। त्यसपछि रूपन्देहीमा ५९, नवलपरासी (पश्चिम) मा ४६, बाँकेमा ३२, कपिलवस्तुमा १८, अर्घाखाँचीमा १३, बर्दियामा ४ र गुल्मीमा ३ वटा संरचनामा क्षति पुगेको उल्लेख गरिएको छ।

लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा आगजनी र तोडफोडबाट कम्तीमा ५० वटा सरकारी कार्यालय पूर्णरूपमा नष्ट भएका छन् भने बाँकीमा आंशिक क्षति भएको छ। यस्तै कम्तीमा १८ जनाको निजी घर र व्यवसायमा पूर्ण क्षति भएको छ। पहाडी जिल्लाहरू पाल्पा, गुल्मी, रोल्पा, रूकुम पूर्व र प्यूठानमा आन्दोलनको असर नगण्य देखिएको छ।

। प्रदेश प्रहरी कार्यालय लुम्बिनीले असोज २ गतेसम्म संकलन गरेको क्षतिको विवरणमा माओवादी बाहुल्य रोल्पा, रूकुमसहितका ती ५ जिल्लामा पार्टीका कार्यालयमा बाहेक अन्यत्र कुनै क्षति नभएको उल्लेख छ।

आगजनी हुने सरकारी कार्यालयहरूमा स्थानीय तहका प्रशासनिक भवन, वडा कार्यालय, अदालत, मालपोत, यातायात व्यवस्था कार्यालय, आन्तरिक राजस्व कार्यालय, इलाका प्रशासन कार्यालयलगायत छन्।

**दलका नेता र जनप्रतिनिधिका निजी सम्पत्ति निशानामा**

निजीतर्फ राजनीतिक दलका नेता, जनप्रतिनिधि, नेतासँग निकट व्यवसायीका घर र व्यवसाय निशानामा परेका छन्।

लुम्बिनीमा कांग्रेस नेता एवं पूर्व गृहमन्त्री बालकृष्ण खाँण र उनका भाइ श्यामकृष्ण खाँणको रूपन्देही तिलोत्तमा ८ स्थित घर, कांग्रेस लुम्बिनी महामन्त्री विक्रम खनालको बर्दघाटस्थित घर, नवलपरासीकै संघीय सांसद सरिता खनालको घर, बर्दघाटका मेयर शम्भुलाल श्रेष्ठ, उप-प्रमुख रूद्रप्रसाद उपाध्याय र निवर्तमान मेयर धिरज बस्यालको घर, विनोद चौधरीको सचिवालय, लुम्बिनीका प्रदेश सांसद बर्दघाटकै विश्वप्रेम पाठकको घर आगजनीबाट पूर्णरूपमा नष्ट भएको छ। यस्तै प्रदेशका वनमन्त्री देवकरणप्रसाद जैसवाल, पूर्व मन्त्री हृदयश त्रिपाठीको घर, दाङका कांग्रेस नेता एवं पूर्व मन्त्री राजु खनाल, कोहलपुरका मेयर पूर्णप्रसाद आचार्य, घोराहीकी उपमेयर हुमा डीसी र पाल्हीनन्दनकी उपमेयर पातुमा खातुन अन्सारीको घर पनि आगजनीबाट पूर्णरूपमा नष्ट नभएको लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङले जनाएको छ।

यस्तै नेकपा एमालेका महासचिव शंकर पोखरेलको दाङ तुल्सीपुर १८ स्थित घर, कांग्रेस नेता एवं पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरीको दाङ तुल्सीपुर-६ स्थित घर, कांग्रेस नेता दीपक गिरीको तुल्सीपुर ५ स्थित घर, एमाले नेता लिला गिरीको तिलोत्तमा १ स्थित घर, लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यको सन्धिखर्कस्थित घर, एमाले नेतृ कोमल वलीको तुल्सीपुर १० स्थित घर/होटेल, एमाले नेता बासुदेव घिमिरेको तिलोत्तमास्थित होटेल टु लिप र निजी घर, तिलोत्तमाका मेयर रामकृष्ण खाँणको निजी घर, एमाले नेता एवं तिलोत्तमा १ का वडाध्यक्ष फर्सुराम गिरीको तिलोत्तमा १ स्थित घरमा तोडफोड र आगजनी भइ आंशिक क्षति पुगेको छ। यस्तै एमाले नेता एवं होटेल व्यवसयी गोपाल रानाको बुटवलको ड्रिम इन्टरनेसनल होटलमा आंशिक र रानाकै मणिग्रामस्थित ड्रिमल्याण्ड रिसोर्ट र क्यसिनोमा आगजनीबाट ठूलो क्षति भएको छ। यस्तै प्रदेश सांसद भोजप्रसाद श्रेष्ठको बुटवलको घरमा तोडफोडबाट आंशिक क्षति र एउटा गाडीमा आगजनीबाट ध्वस्त भएको छ। यस्तै सैनामैनाका पूर्व मेयर चित्रबहादुर कार्की, देवदहका मेयर ध्रुव खरेल, सिद्धार्थनगरका मेयर इस्तियाक अहमद खानको घरमा पनि आगजनी भएको छ। यस्तै सैनामैना नगरपालिकाका मेयर फणीन्द्र शर्मा र उप-मेयर बिना रानाको घरमा तोडफोड गरिएको छ। लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, सिद्धार्थनगर नगरपालिकाका उपमेयर उमा अधिकारी, सिद्धार्थनगरका पूर्व मेयर एवं राप्रपाका नेता सागर प्रताप राणा र संघीय सांसद शर्बेन्द्र नाथ शुक्ला, प्रदेशका खेलकुद मन्त्री सन्तोष पाण्डेयको घरमा पनि आगजनी र तोडफोड भएको छ।

**तराईका ४ जिल्लाका १४ वटा प्रहरी कार्यालयमा तोडफोड र आगजनी**

जेनजी आन्दोलनमा लुम्बिनी प्रदेशका तराईका ४ जिल्लाका १४ वटा प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएको छ। जसमा सबैभन्दा धेरै रूपन्देहीमा ७ वटा, दाङमा ३, बाँकेमा २, पश्चिम नवलपरासीमा २ वटा कार्यालयमा क्षति पुगेको छ। यस्तै प्रहरीका चारपांग्रे ३ वटा र दुई पांग्रे ९ वटा सवारी साधनमा आगजनी भएको छ। प्रहरी कार्यालय र सवारी साधनमा समेत गरी ४७ लाख ३० हजार क्षति भएको प्रारम्भिक विवरण प्रहरीले दिएको छ।

लुम्बिनी प्रदेश प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक राजेन्द्र भट्टले असोज २ सम्म आएको प्रारम्भिक विवरण भएको बताए।

» बाँकी ३ पेजमा

## रूपन्देहीका ९१ भवन र १ सय ७० वटा सवारीसाधनमा क्षति

**मोहम्मद हबिब**
*भैरहवा*

गत भदौ २३ र २४ गते भएको जेनजी समूहको आन्दोलनका क्रममा रूपन्देहीमा करोडौंको क्षति भएको छ। जेनजीहरूको आन्दोलनपछिको आगजनी, तोडफोड तथा लुटपाटबाट अशान्त बनेको जनजीवन अहिले सामान्य भएको छ। रूपन्देहीको विभिन्न ठाउँमा भएको प्रदर्शनबाट जिल्लाका ९१ भवनमा क्षति पुगेको छ भने १ सय ७० वटा सवारीसाधनमा तोडफोड र आगजनी भएको छ।

भ्रष्टाचार, सुशासन र सामाजिक सञ्जाल बन्द गरेको विरुद्धमा भएको आन्दोलनकोमा जिल्लाका सरकारी कार्यालय, प्रहरी युनिट, राजनीतिक दल एवं सङ्घसंस्थाका कार्यालय, व्यापारिक प्रतिष्ठान तथा निजी घरहरूमा आगजनी, तोडफोड र लुटपाट भएको थियो। रूपन्देही नेपालकै बढी क्षति हुने जिल्लाको सूचीभित्र रहेको छ। यहाँ अवस्थित निजी, सरकारी र गैर सरकारी भवनहरूमा ठूलो नोक्सानी बेहोर्नु परेको छ। भदौ २४ गते मध्यान्हपछि भड्किएको प्रदर्शनका क्रममा भौतिक पूर्वाधार, सरकारी दस्तावेज, महत्वपूर्ण सामग्री र सवारी साधन जलाइएको छ।

» बाँकी ३ पेजमा

### जेनजी आन्दोलन भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब : प्रधानमन्त्री



बुटवल। अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले गत भदौ २३ र २४ गते भएको विरोध आन्दोलन युवा पुस्ताको चाहना, जनताको बढ्दो चेतनास्तर र मुलुकमा विद्यमान भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब भएको बताएकी छन्।

संविधानको मर्म र भावना बमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमीकमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा अपेक्षा पूरा नभएको कारणले पनि युवा आन्दोलनको जन्म भएको उनको ठहर छ।

संविधान दिवस मूल समारोहलाई सम्बोधन गर्दै उनले सो धारणा राखेकी हुन्। 'यस आन्दोलनलाई मैले हाम्रो लोकतान्त्रिक प्रणालीको स्वास्थ्यसँग पनि जोडेर हेर्ने गरेको छु। किनभने लोकतन्त्र भनेको जनताको आवाज सुन्ने, संवाद गर्ने र समाधान गर्ने प्रणाली हो।'- उनले भनिन्।

प्रधानमन्त्री कार्कीले युवा आन्दोलनका एजेण्डालाई आत्मसाथ गर्दै जनअपेक्षा बमोजिम काम गर्न सरकार प्रतिबद्ध रहेको पनि बताइन्।

### गोली हान्ने आदेश दिएको हैन : ओली



बुटवल। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले जेनजी युवा आदोलनमा सहभागीहरूलाई ताकीताकी गोली हान्ने आदेश नदिएको बताएका छन्। प्रहरीसँग पनि नभएका स्वचालित हतियारले गोली हानेको पाइएको उनले बताएका छन्।भदौ २३ र २४ गते भएको युवा आन्दोलनमा ७४ जनाको मृत्यु भएको थियो, तीमध्ये अधिकांशलाई टाउको र छातीमा गोली लागेको थियो।

आन्दोलनपछि सरकार छाड्न बाध्य भएका ओली सैनिक व्यारेकको ९ दिन लामो बसाइँपछि बिहीबार भक्तपुरको गुण्डुस्थित एक घरमा भाडामा बसेका छन्। उनले शुक्रबार संविधान दिवसको दिन वक्तव्य जारी गर्दै आन्दोलनमा गोली हान्ने आदेश नदिएको बताएका हुन्।

उनले भनेका छन्-'गत साता जेनजीको शान्तिपूर्ण हुने भनिएको प्रदर्शनका क्रममा घुसपैठ भयो- आह्वानकर्ताले भनेझैं। त्यसमा घुसपैठ गर्ने षड्यन्त्रकारीहरूले हिंसा मच्चाए, हाम्रा युवाहरूको ज्यान गयो। सरकारले प्रदर्शनकारीलाई ताकीताकी गोली हान्ने आदेश दिएको थिएन।'

प्रहरीसँग नभएका स्वचालित हतियारले गोली हानिएको भन्दै ओलीले सो घटनाको छानबिन हुनुपर्ने पनि बताएका छन्।

### विष्णु पौडेलले गरे क्षमायाचना



बुटवल। नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टी र राजकीय जिम्मेवारी निर्वाह गर्ने क्रममा भएका आफ्नो हिस्साका गल्ती, कमजोरी र भूलहरूप्रति क्षमायाचना गरेका छन्।

संविधान दिवसका अवसरमा उनले एमालेले लिएका निर्णय, गरेका काम र तिनको परिणामका सम्बन्धमा गम्भीर समीक्षा हुने उल्लेख गरेका छन्। युवाशक्तिको निर्णायक योगदान रहेको गतिशील र परिवर्तनको संवाहक शक्तिको भूमिकामा पार्टीलाई स्थापित गर्ने जिम्मेवारी आएको बताएका छन्।

जेनजी आन्दोलनका शहीदहरूप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारजन तथा आफन्तहरूमा समवेदना व्यक्त गरेका छन्।

उनले सुशीला कार्कीको नेतृत्वमा गठित मन्त्रिपरिषद्‌बाट शान्ति र अमनचयन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने, जेनजी आन्दोलका क्रममा तोडफोड र आगजनी भएका सार्वजनिक र निजीक्षेत्रका संरचनाहरूको पुनर्निर्माण गर्ने र तोकिएको मितिमा प्रतिनिधिसभाको निर्वाचन गर्ने जस्ता महत्वपूर्ण अभिभारा पूरा हुनुपर्ने पनि उनको धारणा छ।

'जेनजी आन्दोलनको क्रममा भएको हिंसा, हत्या, तोडफोड र आगजनीको निष्पक्ष छानबिन गर्न, दोषीहरूलाई कानुन बमोजिम कार्बाही गर्न र क्षतिग्रस्त सार्वजनिक तथा निजी संरचनाहरूको यथाशीघ्र पुनर्निर्माण गर्न सरकारसँग माग गर्दछु,'

उनले भनेका छन्-'अब हाम्रो सामु जनतासँग, विशेषगरी नयाँ पुस्तासँग एकाकार भएको, नीति निर्माण र नेतृत्व निर्माणमा युवाशक्तिको निर्णायक योगदान रहेको गतिशील र परिवर्तनको संवाहक शक्तिको भूमिकामा पार्टीलाई स्थापित गर्ने जिम्मेवारी आएको छ।'



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

तपाईंका लागि...

२०८२ असोज ०४ गते, शनिबार

**बिट्विन द लाइन्स्...**

"कलाकार आफ्नो देश तथा वर्गको संवेदनशील ग्रहणकर्ता हो त्यसको कान, आँखा र हृदय हो, अनि आफ्नो युगको आवाज हो।"

– म्याक्सिम गोर्की

# अब के गर्ने ?



रामचन्द्र श्रेष्ठ

एक दशकपछि नेपाली समाज फेरि खलबलिएको छ। गत भदौ २३ गतेको जेनजीको प्रदर्शन, निर्मम दमन र २४ गतेको अनियन्त्रित तोडफोड, आगजनी र विध्वंस। एक दशकअघि भूकम्पको प्रहारले ८ हजार बढी जीवन गुमाएको नेपाली समाजले यतिबेलाआफ्ना कलिला केटाकेटीसहित ७३ जना गुमाएको छ। एक दशक अघिको विपत्तिको विम्ब ढलेको धरहरा थियो। अहिले जलेको सिंहदरबार बनेको छ। सिंहदरबारसँगै मान्छेको विश्वास जलेको छ। नेपाली समाजमा विश्वासको संकट सघन बनिरहेको छ। मदापर्दाका छिमेकी नै अहिले शंकालु बनेका छन्। नेपाली समाजको यो विषम परिस्थितिमा साहित्यकारको भूमिका के हो ?

अहिलेको राजनीतिक घटनाक्रम र सम्भावनाको विश्लेषण केही क्षणका लागि राजनीतिक विश्लेषकलाई छोडिदिउँ। प्रश्न सिंहदरबार जल्नुको होइन। प्रश्न नगरपालिका, पार्टी कार्यालय र सरकारी भवन जल्नु पनि होइन। प्रश्न नेताहरूको घरमा तोडफोड र आगजनी पनि होइन। प्रश्न त आक्रोशको हो। प्रश्न त अराजकताको हो। प्रश्न त मानवीय मूल्यहरूको विघटनको हो।

भ्रष्टाचार अन्त्य, सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोध र हाम्रा अवस्था परिवर्तनको चाहना राखेर प्रदर्शनमा उत्रेका ती नवआंकक्षी युवाहरूलाई उत्तेजनाको र प्रतिशोधको नाराले लपेटेर जनप्रतिनिधिको थलो संसद भवनमा आक्रमण गर्न लैजाने को हो ? तिनको आवेगको ज्वारलाई शान्तिपूर्ण समाधानको बाटो नखोजेर ताकी ताकी टाउकोमा गोली प्रहार गर्ने र आदेश दिने को हो ? पक्कै पनि पदीय दायित्वले तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी प्रमुख जवाफदेही छन्। ढिलो चाँडो सबै प्रश्नको उत्तरहरू भेटिँदै जाला। तर, फेरि पनि प्रश्न आज सतहमा देखिएको ज्वालामुखीको होइन। प्रश्न गर्भमा उम्लिरहेको लाभाको हो।

जतिसुकै आवेगमा भए पनि नेपाली प्रदर्शनले विगतमा सार्वजनिक सम्पत्तिको संरक्षण गरिरह्यो। तर, अहिले बदला, आक्रोश, उच्छृंखलताले किन सगरमाथा चढ्यो ? किन छिमेकी नै आगजनीमा भुमिका खेल्यो ? किन मित्रले नै 'त्यसको पनि जलाइदे' भन्दै बाटो देखाउँदै उक्सायो ?

समग्रमा प्रश्न यहीं हो कि आजको दिन कसरी आयो ?

पक्कै पनि यो प्रश्नको उत्तर सरल र सहज छैन। नेपालीको नियति उही अनुहार, उस्तै प्रवृत्ति, उही कार्यशैलीको रोटेपिङमा एकोहोरो फन्को मारिरह्यो। सूचना प्रविधिले देशदेशावरका हालत क्षणभरमा जान्ने युवा जमात जीवनमा आमुल परिवर्तन चाहन्थ्यो। परिवर्तनको यो उत्कट इच्छालाई नेपालको लामो अविकासका कारणहरूले अवरुद्ध पारिरहेथे। कोभिड १९ को महामारी र विश्वव्यापी आर्थिक ओरालोपनको छाया नेपाली बजारमा परिसकेको छ। प्रगतिका जति नै आंकडा प्रस्तुत गरे पनि स्वरोजगारमा संलग्न व्यवसायीहरू, केही गरुँ भन्ने इच्छाले व्यावसायिक कृषि र सेवा क्षेत्रमा बामे सर्दै गरेकाहरू र देशमै राम्रो जीवन खोजीरहेकाहरू हरेक साँझ तनाव र निराशाको सुस्केरा काँडिरहेथे। घर घरको जेनजी आफ्ना बा, आमा, काका, काकी, छिमेकी, दाइ, दिदीको सुस्केरासँग हुर्किरहेथे। नेपाली समाज छटपटिरहेको थियो। त्यसले आशाको मसिनो त्यान्द्रो भए पनि खोजिरहेको थियो। सबै कुराको निर्क्यौल गर्ने राजनीतितर्फ नेपाली समाजले आशाको तृषित नजरले हेर्थ्यो। त्यहाँ उसले मैमत्त बोली, धर्ती नटेकेका बकमफुसे कल्पना, सत्ताको अहम्मात्र देख्थ्यो। यी सबै पाकिरहेको थियो भित्रभित्र। विस्फोट त हुनै थियो एकदिन।

परिवर्तनको ज्वार सधैँ अनियन्त्रित हुन्छ। आवेगी हुन्छ। असन्तुष्टीको बतास दिशाहीन हुन्छ। त्यसैले त नेतृत्व चाहिन्छ। आक्रोशलाई जहिल्यै संवेदनाको अंकुश चाहिन्छ। संवेदना रित्तिएपछि आक्रोश आतंकमा बदलिन्छ।समाजको आवेगलाई विवेकको लगाम लगाउने काम सँधै साहित्यको हुन्छ।त्यसैले साहित्यलाई समाजको दर्पणमात्र नभनी परिवर्तनको साधन ठानिएको हो।

यो आत्मसमीक्षाको बेला हो। नेपाली समाजका हरेक क्षेत्रले कठोर समीक्षा गर्न जरुरी छ। नेपाली समाज शान्त, सहृदयी र सहिष्णु रहेनछ। नेपाली समाज भित्र भित्र आगो पालेको तातो भुङ्ग्रो पो रहेछ। हामीले के गर्न सकेनौ भन्ने प्रश्नको उत्तर नै हामीले के गर्नुपर्छ भन्ने हो।

नेपाली राजनीतिले लय बिगार्यो, अर्थराजनीतिले सही दिशा निर्धारण गर्न सकेन, भ्रष्टाचार मौलायो, युवाहरूको बढ्दो आकंक्षाको सम्बोधन भएन। समस्याका यी तमाम सूचीमा सबैभन्दा महत्त्वपूर्ण हो– नेपाली समाजमा मूल्यहरूको विघटन भयो, नयाँ मूल्यहरूको निर्माण भएन। राजनीतिदेखि व्यक्तिगत जीवन, सामाजिक सम्बन्धदेखि पारिवारिक संरचना सबै मूल्यहरूले निर्धारण गर्छ। मान्छे सांस्कृतिक प्राणी हो। संस्कृतिको अभिन्न अंग मूल्य हो। मूल्यको निर्माण, पुनर्निर्माण र हस्तान्तरणका लागि संस्कृतिका अनेकन पक्षहरूले भूमिका खेल्छन्। सामाजिकीकरण, अन्तरसम्बन्ध, अन्तरनिर्भरता, अन्तरक्रिया जस्ता सामाजिक प्रक्रियाहरूले मूल्यहरूको पुनर्उत्पादन र हस्तान्तरण गर्छन्। यहींनेर साहित्यको भूमिका आउँछ। साहित्यले मानवीय मूल्यको गरिमा अभिव्यक्त गर्ने र मूल्यको लागि समर्पणको भावना जागृत गराउँछ। मान्छेले उपन्यास पढ्छ। उपन्यासमा कथानक मात्र हुँदैन, पात्र, संवाद र दृश्यमात्र हुँदैन त्यहाँ मूल्य हुन्छ। असल र बलियो साहित्यकारले मानवीय मूल्यहरूको उत्पादन र पुनर्उत्पादन गरिरहेको हुन्छ। प्रश्न यहीं हो कि हामीले कुन त्यस्तो साहित्य सिर्जना गर्न सक्यौ जसले मानवीय मूल्यको गरिमालाई सर्वोच्चतम बनायो ? सामन्ती समाजमा महाभारत, रामायण जस्ता धार्मिक साहित्यको माध्यमबाट शासक वर्गीय मूल्यहरूको उत्पादन, पुनर्उत्पादन र हस्तान्तरण गरिन्थ्यो। समाजवादी यथार्थवादी रचनाहरूमा समाज, सर्वहारा वर्ग र मानवीय गरिमाको लागि समर्पणभाव जस्ता मूल्यहरूको निर्माण गरिन्छ। आलोचनात्मक यथार्थवादी रचनाहरूले समाजका त्याज्य र समाज परिवर्तनलाई अवरुद्ध गर्ने मूल्यहरूमा प्रहार गर्छन्। हामीले के गर्‍यौ ?

मूल्यहरू विघटन भएको समाज अराजक, असंरचित र लय बिगारेको समाज हो। महान् कवि हो तर नेताको ज्यू, हजुरी र प्रशस्तीमा व्यस्त छ। महान् साहित्यकार भनेर चिनिन्छ राजनीतिक नियुक्तीको सानो पदको लागि शाष्टाङ्ग दण्डवत गर्न तयार छ। विश्वविद्यालयको प्राध्यापक हो कनिष्ठ राजनीतिककर्मीसामु त्वं शरणम् छ। समाजलाई दिशा निर्देश गर्ने बुद्धिजीवी वा बौद्धिक लेखनदासमा रूपान्तरण हुन्छ। मूल्यहरूको यो विघटनले समाजलाई संवेदनहीन बनाउँछ। संवेदनहीन समाजमा केवल घृणामात्र हुन्छ। घृणा, बदला, आक्रोश, कुण्ठाको ज्वार मडारिँदै गएपछि मच्चिने त आँधी हो, त्यो पनि आगोमय। हामी मूल्यहीन समयमा पोलिइरहेका छौ। आजको आगो हामीले विसर्जन गरेका मानवीय मूल्यहरूको सतगति हो।

अब हामीसँग एउटै विकल्प छ– मानवीय मूल्यहरूको गरीमा उठाउने। फिनिक्स पंक्षीजस्तै खरानीबाट उठेर नविन साहित्यहरूको सिर्जना गर्ने। मान्छेलाई समाजको लागि समर्पणभाव विकसित गराउने साहित्य सिर्जना गर्ने। धन, सम्पत्ति, पद र प्रतिष्ठाभन्दा धेरै माथि ज्ञान हुन्छ। ज्ञानको उच्चतम पद भनेको सिर्जनशक्ति हो। स्रष्टासँग अपार सिर्जनशक्ति हुन्छ। त्यो स्रष्टा अब कुनै पनि कुर्सीसामु लम्पसार हुँदैन। त्यो छिमेकीको अग्लो घर र चिल्लो गाडी देखेर हिनताबोध गर्दैन। बरु आफ्नो सिर्जनक्षमतामाथि अपार गर्व गर्छ। सिर्जनशक्तिले समग्र समाजलाई सुन्दर भविष्यतर्फ डोहोर्‍याउँछ। आजलाई हामीले गर्नुपर्ने यहीं हो। हामीले लेख्नुपर्ने यहीं हो।

निबन्ध

# अश्वत्थामा मृत्यु चाहन्छ

अश्वत्थामा

'हामीलाई रिल लाइफ र रियल लाइफ दुवैमा क्लाइमेक्स चाहिन्छ।'

कञ्चनपुर काण्ड नाम दिइएको भारतीय एसएसबीले नेपाली साधारण नागरिकलाई गोली हानेको घटनाबारे सामाजिक सञ्जालमा गरिएका टिप्पणीमध्ये यस्तो देखेपछि आँखा त्यसैमा गड्यो। स्टाटस लेख्ने व्यक्तिलाई नजिक-टाढाबाट चिनिएको पनि थियो। त्यसैले वाक्य पछाडि लुकेको मर्म बुझ्न गाह्रो परेन। एक वाक्यमा उनले आफ्ना असफल प्रयत्नसँगै नेपाली सामाजिक मनोविज्ञान पनि पोखेका थिए। किनभने ती तिनै व्यक्ति थिए, जसले किशोरकालमै विभिन्न विद्यालयमा नक्सा बोकेरै भारतद्वारा मिचिएका नेपाली सीमाबारे कैयौंपटक कक्षा चलाएका थिए। कैयौंपटक सडकमा कुर्लिएका थिए। तर पनि मानिसको मनमा थोरै पनि चेतनाको आगो सल्किएको थिएन। कञ्चनपुरमा गोली चलेपछि जब मानिसहरू एकाएक ताते, उनले क्लाइमेक्स अनुभव गरे। जबकि यो क्लाइमेक्सले सल्काएको आगोमा जोर्ने प्रतिबद्धताको दाउरा त के सिठाभिँग्रा पनि छैन।

सायद यो तथ्यसँग पनि उनी जानकार नै छन्। यद्यपि जो प्रयत्न फेरी पनि गरिरहेछन् त्यो प्रयत्नलाई सलाम।

'अश्वत्थामा त नकारात्मक पात्र होइनन् र ? फेरि पनि यही नाम किन ?' भन्ने आशयको प्रश्न एक पाठिकाले म्यासेजबक्समा पठाएपछि केही बेर सोचिएको हो। तर, यही आशयमा लेख्ने मन थिएन नै। यद्यपि नाम रोज्ने बेलामा लगभग दुई दर्जनभन्दा बढी ऐतिहासिक पात्रबारे जानकारी खोजिएको थियो। नेपाली समाजको प्रवृत्तिमा युधिष्ठिर वा अर्जुन वा कृष्ण वा राम वा क्राईस्ट वा गेरिवाल्डी वा आर्थर वा शार्लम्यान आदि-आदि भन्दा बढी अश्वत्थामाहरू नै भेटेपछि यो नाम राखिएको हो। हाम्रो अश्वत्थामा प्रवृत्तिबारे लेखिनु उपयुक्त हुन्छ त्यतिबेला लाग्यो, जब अघि उल्लेखित स्टाटसमा घोत्लिइयो।

जहाँसम्म नकारात्मकता र सकारात्मकताको प्रश्न हो, आईन्स्टाइनको सापेक्षतावादको सिद्धान्तको चर्चा गर्ने मनसाय पटक्कै होइन। पूर्वेली दर्शनले अंगीकार गरेको प्रवृत्ति कै चर्चा हो। अंग्रेजीका प्रोफेसर अरुण गुप्तोले जसरी आफ्नो पुस्तक 'गडेस अफ् काठमाडौं'मा उल्लेख गरेका छन् त्यसरी नै हिन्दु शास्त्र र मिथहरूले सामाजिक मनोविज्ञान बनाइदिएको समाजमा पनि द्वैधताको अस्तित्व जीवित छ। जसरी महाकालीको मूर्तिमा क्रोध र ममता एकैपटक झल्किन्छ हाम्रो सन्दर्भमा नकारात्मकता र सकारात्मकता त्यसैगरी एकैपटक आइदिन्छ। फरक त यत्ति हो, हामी मतमतान्तर गर्छौँ। राम पुज्छौं र उनका कमजोरी बिर्सिदिन्छौं। रावणलाई घृणा गर्छौं र उनका विशेषता भुलिदिन्छौँ। गोपीनिको कपडा लुकाइ मज्जा मान्ने बदमास कृष्णको पूजा र सिताको पवित्रताको खोजी एकैपटक हुने समाजमा नकारात्मकता र सकारात्मकताको घेरो के ले छुट्टाउँछ भनेर खोज्नेहरूले अवश्य सत्य फेला पार्नेछन्। त्यही सत्य जहाँ युधिष्ठिर झुट बोलेर पनि, पासामा अर्धागिंनी थापेर पनि, राजामा हुनुपर्ने सामान्य दायित्वबोध नभई राज्य नै हारेर पनि धर्मराज भईरहन्छन्। अनि जहाँ पराजित भएकैले हो सायद दुर्योधनको मोह, दुशासनको कुबुद्धीको अगाडि भिष्महरूको लाचारीको कारण खोजिन्न। र, सायद त्यही कारण हो - ती पाठिकाको जस्तै आम मनोविज्ञानमा नकारात्मकता र सकारात्मकताको श्यामश्वेत घेरा छुट्टाइएको छ। यति लेखिसक्दा पनि त्यो घेरो शक्ति र विजयले छुट्टाउँछ भन्ने व्याख्या गरिरहनु शक्तिपीठहरूको पूजा गर्ने संस्कृतिले जन्माइदिएको मन्दता हो भन्नु अन्यथा हुँदैन।

अश्वत्थामा त्यो पात्र हो जो पराजित हुने योग्यता भएको कुलमा जन्मियो। जो आफ्नो कुल र राष्ट्रको निम्ति लड्न प्रतिबद्ध भइरह्यो जबकि उसको राष्ट्रको जगमै पराजित हुनुपर्ने दुर्भाग्य कोरिएको थियो। व्यासको बुद्धिमा यदि कौरवले जित्ने कोण फुरेको भए महाभारतको कथा र अश्वत्थामाको छवि कस्तो हुन्थ्यो स्वैरकल्पनाका धनीहरूलाई खुला मैदान छ।

फेरि पनि भन्नैपर्ने एउटै तथ्य हो - पंक्तिकारले लिएको नाम अश्वत्थामा कुरुक्षेत्र युद्धपछिको हो। जो युद्धमा पराजित छ र पनि पराजयबोध निधारमा टाँसेर बाँचिरहन विवश छ। जो पुनः विजयको कुण्ठा पालेर मनभरी आक्रोश बोकिहिँड्छ तर हर प्रयासहरू असफल हुन्छन्। क्रोधाग्नीमा जलेर पटकपटक मरिरहन्छ र पनि जिवित हुन श्रापित छ। अश्वत्थामाको जन्म त्यो कुरुक्षेत्रबाट भएको थियो जहाँ धर्मराज भनिएका युधिष्ठिरको होइन चतुर कृष्णको बुद्धि चलेको थियो। र त्यो कुरुक्षेत्रको जन्म त्यहाँ भएको थियो जहाँ धर्मराजहरू शकुनीको पासामा बन्दी भएका थिए। पासा पासो नै थियो। अर्थात् महाभारतको राजनीतिले सिकाएको एउटै हो, राजनीतिमा शक्ति सबैभन्दा प्रधान हो। निर्बलियो शक्तिको स्वच्छतालाई केवल विदुर बन्ने मार्ग खुल्ला छ।

र, जहाँ बुद्धि, विवेक र सही मार्गनिर्देशन गर्नसक्ने राजनीतिज्ञहरू केवल विदुर बन्न बाध्य छन् वा बनिरहेछन् त्यहाँ धृतराष्ट्रहरू त दृष्टिहिन नै हुने हुन्। फेरि पनि धृतराष्ट्रको दृष्टिहिनता केवल एक उपमा हो। एक संकेत। जसलाई प्रमाणित गर्छ आजको राजनीति र शक्ति केन्द्रले। शक्ति केवल सामर्थ्य होइन, सीमा पनि हो जसले बन्दी बनाउँछ शक्तिकेन्द्रहरूलाई र बन्नपुग्छन् ती दृष्टिविहिन। अनि ती केवल भर पर्छन् सञ्जयहरूको। दृष्टिविहीन शक्तिकेन्द्रहरूलाई सत्य त्यही हो, जति सञ्जयहरूले बताएका हुन्छन्। र, फेरि पनि बिर्सन नहुने तथ्य हो - धृतराष्ट्रले आँखा देखेको मात्र भएपनि त्यो युद्ध हुने थिएन। र, अश्वत्थामाको जन्म हुने थिएन।

कतै हाम्रा शक्तिकेन्द्रहरू धृतराष्ट्र त बनिरहेका छैनन् ? र ती कतै सञ्जयहरूको गलत व्याख्यालाई नै सत्य नै मानिरहेका त छैनन् ? प्रश्न किन नगर्ने ? प्रश्न किन पनि भने साँचो लोकतान्त्रिक अभ्यासमा प्रश्नहरू सदा जीवित हुन्छन्। र, साँचो लोकतान्त्रिक अभ्यासले नै शक्तिकेन्द्रलाई दृष्टिविहिन र विदुरलाई असहाय हुनबाट रोक्छ। त्यति भएपछि नहुने युद्धबाट अश्वत्थामा जन्मिने त प्रसंगै रहेन। यति भनेपछि पनि, प्रश्न र जिज्ञासालाई निन्दा गर्ने समाज दृष्टिविहीनहरूको समाज हो भन्न केको दकस ?

र, फेरि पनि चर्चा अश्वत्थामाकै। अश्वत्थामा एउटा हात्ती थियो जो मर्‍यो। अश्वत्थामा अर्को योद्धा थियो जो बाँचिरहन अभिशप्त छ। जसरी नेपाली जनता सुगौली सन्धिको डाम बोकेर बाँचिरहेछ। जसरी नेपाली जनता सन् १९५० को खुला सीमाको डाम बोकेर बाँचिरहेछ। जसरी नेपाली जनता बाह्र बुँदेको डाम बोकेर बाँचिरहेछ।

उसँग आवेग र आक्रोश छ, जुन क्लाइमेक्समा देखिन्छ र तुरुन्त सेलाउँछ। उसँग स्वाधीन ईच्छाहरू छन् र त्यो केवल तातो वा चिसो चियापसलमा कुर्लिन्छ। किनभने यहाँ धृतराष्ट्र केवल शक्तिकेन्द्र मात्र होइनन् जनता पनि हुन्।

जनता पनि। कसरी भने ती नेपाली समाजको विशेषता आफैँले देख्दैनन् डलर वा आइसीवाला सञ्जय चाहिन्छ। ती अधिकार भेट्छन् जहाँ तिनीहरूले भेटाइदिन्छन्। ती विभेद देख्छन् जहाँ तिनीहरूले देखाइदिन्छन्। अरुले देखाइदिएको सत्यलाई आफ्नो ठानेर हिंडिरहेका जनता स्वंय धृतराष्ट्र नभए के हुन्छन् ?

जनता नै धृतराष्ट्र भएपछि उनीहरूले जन्माउने शक्तिकेन्द्रहरूको के कुरा ? अनि अश्वत्थामाहरू कसरी अभिशप्त बाँच्न विवश नहुन् ?

यति भनिसकेपछि सायद अर्थ खुलिसकेको छ, अश्वत्थामा एक प्रतिक हो - घाइते र पराजित विवशताको। जुन नेपाली आफैँले आफ्नो दृष्टिविहीनताले सिर्जेको हो। अब उसले आफ्नो विवशताबाट मुक्ति खोज्ने बेला आइसकेको छ। 'जिउँदै छन् भन्ने थाहा थियो, तर सामाजिक सञ्जालमा पनि छन् थाहा थिएन।' कुनै पाठकले गरेको व्यंग्य थियो। तर, उनलाई भनिहाल्नुपर्ने छ - अश्वत्थामा अर्थात् पराजित विवशता मृत्यु खोजिरहेछ। जबसम्म यो विवशता रहिरहन्छ, यसैगरी कहराइरहनुपर्ने उसको अर्को बाध्यता हो। किनभने बहसको अघिल्लो भागमा नफुकेको पहिचानको गुजुल्टो बाँकी नै छ।

कविता

# जेनजीको रगताम्य जुत्ता



कृष्ण गाउँले



सडकको छेउमा पल्टिएको छ
एक जुत्ता-रगताम्य, मौन तर गर्जिरहेको।
यसको मौनता महाकाव्यभन्दा गहिरो छ,
यसको दाग शब्दभन्दा स्पष्ट छ।

नेपालको जेनजी युवा,
त्यही रगताम्य जुत्ताको बाटो समाएर
जवाफदेही, पारदर्शिता र सुधारको आन्दोलनमा
शान्तिपूर्ण, कानुनी र अडिग भएर सडकमा उभिएको छ।

लक्ष स्पष्ट छ-
भ्रष्टलाई तह लगाउने,
सरकारलाई पारदर्शी बनाउने,
प्रशासनलाई हस्तक्षेपविहीन र न्यायपूर्ण बनाउने।
त्यो दिन आउनेछ-
न्याय, शान्ति र विकासको
सत्ता रगत होइन, सत्यमा टेकेर बाँच्नेछ।

यो आन्दोलन हिंसाको होइन,
तोडफोड वा अव्यवस्थाको होइन
एकता, सिर्जनशीलता र सत्यको आन्दोलन हो।
हाम्रो शक्ति बन्दुक वा बारुदमा छैन,
हाम्रो शक्ति हाम्रो सपना र सङ्कल्पमा छ।

रगतको होली खेल्ने सत्तालाई स्मरण होस्
आन्दोलनलाई अपहरण गर्न खोज्नु
कसैले आन्दोलनमा घुसपैठ गर्न खोज्नु
इतिहासलाई धोका दिनु हुनेछ।
यो कुनै पार्टीको लाभका लागि होइन,
नेपालको भविष्यका लागि हो।

सडकमा बगेको रगत
पानी होइन
यो चेतावनी हो,
यो प्रतिरोधको चिन्ह हो।

हामी कानुन बुझ्छौं, पालना गर्छौं।
अधिकार खोसेर लिन्छौं, रक्षा गर्छौं।
रगताम्य जुत्ताले हामीलाई सम्झाइरहेको छ-
शान्तिपूर्ण। शक्तिशाली। सतिसाल।

कविता

# नविन अभिलाषी

वैराग्यमा

डुबेर पनि गीत गाउन सकेनन् चराहरूले।
फूलहरूले बसन्त बिर्सिसकेछन्
अब यायावरहरूसँग कुनै बाटाहरू छैनन्
यो आगो नै आगोको जङ्गल सुरु भयो कहाँबाट ?
कस्ले खन्यो तेजावको समुद्र ?
पानीको
कोमल तरलताभित्र पौडिन सकेनन् माछाहरूले।
पापको पीप निचोरेर पनि शान्त छैन मनको घाउहरू
अश्वमेघ यज्ञमा जलेर मरे मन्त्रका ध्वनी
र पग्लिएर बगिरहेछ मस्तिष्कको सूर्य अचानक
र
अन्ततः अनन्तको अन्तिमको अन्त्यमा
रगतका आँसुहरू खसालेर पनि रुन मानेनन् मानिसहरूले।

## दर्शन

# न्याय दर्शनका अगाडि तेर्सिएका ज्ञानका समस्याहरू

समिर सिंह

ज्ञान के हो ? सही ज्ञान कसरी प्राप्त हुन सक्दछ ? ज्ञान सही छ या गलत, त्यो जाँच्ने कसौटी के हो ? यी प्रश्नहरू समाधान गर्न दार्शनिकहरू विभिन्न प्रकारले प्रयासरत छन् । प्राचीनकालका दार्शनिकहरूदेखि लिएर आधुनिक दार्शनिकहरूसम्म एउटा निश्चित मापदण्डका आधारमा अथवा एउटा निश्चित तत्वमीमांसीय दृष्टिकोण (पदार्थ अथवा चेतनालाई प्राथमिकता दिँदै तयार भएको दृष्टिकोण)का आधारमा ज्ञानमीमांसा (ज्ञानको सिद्धान्त)को गहिराइसम्म पुग्ने प्रयास गर्दै आइरहेका छन् । आदर्शवादीहरू, चेतना अथवा ईश्वरलाई प्रमुखता दिँदै ज्ञानका समस्याहरू समाधान गर्न प्रयासरत रहे भने भौतिकवादीहरू, पदार्थलाई प्राथमिकता दिँदै । न्याय दर्शन पनि यस प्रकारको बहसबाट पछाडि हटेन । निश्चित मापदण्ड अर्थात् पदार्थ नै प्रमुख हो भन्ने धारणा राख्दै यो दर्शन ज्ञानका समस्याहरू समाधान गर्न अग्रसर रह्यो । न्याय दर्शनअन्तर्गतका अन्य दार्शनिकहरूभन्दा पनि गौतम अक्षपादको न्यायसूत्रको त्यो दिशामा महत्वपूर्ण योगदान रहेको छ ।

गौतमको न्यायसूत्रमा सम्पूर्ण चीजहरूलाई विशेष गरेर दुई भागमा विभाजित गरिएको छ- चेतन र अचेतन । जसको प्राण हुन्छ, जसमा परिवर्तन हुन्छ, त्यो चेतन भयो भने त्यसको विपरीत स्वरूप भएकाहरू अचेतन भए । यहाँ चेतन र अचेतनलाई एकअर्कासित स्वतन्त्र भएको पनि भनिएको छ, त्यसका साथै यी दुवैबीच अभिन्न सम्बन्ध रहेको पनि बताइएको छ । अचेतन (वस्तुगत यथार्थ), चेतन (मानसिक यथार्थ)भन्दा स्वतन्त्रमात्रै हुने होइन, मानसिक जीवनका विभिन्न क्रियाहरूको लागि आवश्यक शर्त पनि भएको यहाँ बताइएको छ । ती कुरा न्याय दर्शनले निम्न उदाहरणबाट स्पष्ट पार्ने प्रयत्न गर्छ :

ग्रीष्म ऋतुको शुरुवातसँगै हामीलाई गर्मीको अनुभूति हुन्छ । यहाँ हामीलाई 'गर्मी अनुभूति हुनु' (चेतना), मानसिक यथार्थ भयो, जुन अनुभूति, ग्रीष्म ऋतु (अचेतन) भएका कारणमात्रै सम्भव भएको हो । त्यस्तै यहाँ अचेतन पक्ष चेतनभन्दा स्वतन्त्र प्रकारले अस्तित्वमा रहेको हामी सहजै स्पष्ट हुन सक्दछौं, जुन तथ्यलाई लेनिनले आफ्नो पुस्तक भौतिकवाद र अनुभवसिद्ध आलोचनामा पनि पुष्टि गर्दै भनेका छन्- "यो संसार, यसको परिवेश तथा अन्य थुप्रै वस्तुहरू हाम्रा इन्द्रीयबोध, हाम्रो चेतना, हाम्रो आत्मा र आमरूपमा स्वयं मनुष्यबाट पनि स्वतन्त्र हुन्छ ।"

न्याय सूत्रअनुसार चेतन पक्षको अस्तित्व केवल अचेतन पक्षको क्रियाशीलताबाट मात्रै सम्भव हुन्छ । अर्थात् यदि ग्रीष्म ऋतुको शुरुवात नहुँदो हो त हामीलाई कहिल्यै पनि गर्मीको अनुभूति हुने थिएन; आँधी, हुरी, वर्षात् (जो अचेतन हुन्)जस्ता प्राकृतिक प्रकोपहरूको सामना गर्नु नपर्दो हो त हामीलाई कहिल्यै पनि सुरक्षाको लागि 'घर बनाउनु पर्दछ' भन्ने अनुभूति हुने नै थिएन । यसरी 'घर बनाउनु पर्दछ' भन्ने चेतना, अचेतन पक्षको कारणले मात्रै सम्भव भयो । त्यसको विपरीत अचेतन वस्तुको अस्तित्वको लागि चेतन वस्तुको अस्तित्व रहोस् या नरहोस् त्यो कुनै सरोकारको विषय हुँदैन । हामीलाई गर्मीको अनुभूति होस् वा नहोस्, तर ग्रीष्म ऋतु आएकै हुन्छ । हाम्रो चेतनाले त्यसको अस्तित्वलाई समाप्त गर्न सक्दैन ।

यसरी चेतन र अचेतनबिचको सम्बन्धलाई प्रष्ट्याउन यो दर्शनले भौतिकवादी र द्वन्द्वात्मक मान्यतालाई आंशिक रूपमा भए पनि पक्रन सकेको हामीले सहजै देख्न सक्दछौं, किनभने भौतिकवादी द्वन्द्ववादको सार पनि के हो भने वस्तुगत यथार्थ चेतनाभन्दा स्वतन्त्र रूपमा अस्तित्वमा रहन्छ । भौतिक वस्तुको अस्तित्वको लागि चेतन वस्तुको अस्तित्व आवश्यक कुरा होइन । तर, चेतनाको लागि भौतिक वस्तु नभई हुँदैन । दुईवटा विरोधी पक्षहरूको संघर्षका कारण एउटा तेस्रो पक्ष निकासको रूपमा स्थापित हुन्छ । त्यस्तै, द्वन्द्ववादको सार के पनि हो भने कुनै दुईवटा पक्षहरूको बीचमा एकता पनि हुन्छ, संघर्ष पनि हुन्छ । यो नियम दुनियाँको कुनै पनि चीजमा लागू हुन्छ ।

आदर्शवादीहरू चेतनालाई प्राथमिकता दिन्छन्, ज्ञानको स्रोत ईश्वर अथवा विशुद्ध चेतनालाई बताउने गर्दछन् । तर, न्याय दर्शनले अघिसारेका माथिका उदाहरणबाट हामी सहजै स्पष्ट हुन सक्दछौं- 'घर बनाउनु पर्दछ' भन्ने चेतना कसरी प्राप्त भयो त ? स्वतःस्फूर्त चेतना अथवा अलौकिक सत्ताका आधारमा त्यस प्रकारको ज्ञान अवश्य पनि भएको होइन, बरु मानिस र प्रकृतिबीचको संघर्षको फलस्वरूप नै त्यसप्रकारको चेतना हामीलाई भयो । यसरी न्याय दर्शनले 'चेतन पक्षको अस्तित्व, अचेतन पक्षको क्रियाशीलताबाट मात्रै सम्भव भएको' बताएर भौतिकवादी धारलाई प्रतिनिधित्व गर्न सक्षम भएको हामी मूल्यांकन गर्न सक्दछौं ।

न्याय दर्शनका अनुसार ज्ञान प्राप्तिको उद्देश्य, दुःख तथा पीडाहरूबाट मुक्ति पाउनको लागि हो । यो दर्शनको दृढ मत के रह्यो भने विश्व र वस्तुहरूको सही ज्ञान प्राप्त गर्नुपर्दछ, अन्यथा विभिन्न दुःख र कष्टहरूको भागीदार बन्नुपर्दछ । विभिन्न प्रकारका कष्टहरूबाट मुक्ति पाउन वैशेषिक दर्शनमा ७ वटा पदार्थहरूको विवेचना गरिएको छ भने यहाँ १६ वटा पदार्थहरूको बारेमा चर्चा गरिएको छ । तर वैशेषिकका द्रव्य, गुण, कर्म आदि ७ पदार्थहरूलाई यहाँ ज्ञान प्राप्त गर्ने वस्तु (ज्ञातव्य वस्तु)को रूपमा केवल एउटा पदार्थको रूपमा सीमित गरिएको छ, जसलाई यहाँ प्रमेय भनिएको छ । गौतमको न्याय सूत्रमा उल्लेख गरिएका १६ वटा पदार्थहरू यसप्रकार छन्- प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितंडा, हेत्वाभास, छल, जाति र निग्रहस्थान । यी पदार्थहरूमध्ये दुई पदार्थ- प्रमाण र प्रमेयलाई नै यो दर्शनले विशेष महत्व दिएको छ । त्यस्तै, अन्य पदार्थहरूलाई यहाँ ज्ञान प्राप्तिको साधन भनिएको छ; जसद्वारा विभिन्न त्रुटि तथा भ्रमहरूबाट मुक्ति पाउँदै सत्यको नजिक पुग्न सकिन्छ ।

न्यायसूत्रमा प्रमाणलाई विशेष महत्व दिँदै चर्चा गरिएको छ । प्रमाण ४ प्रकारका हुन्छन्- प्रत्यक्ष, अनुमान, उपमान र शब्द । संक्षेपमा भन्नुपर्दा प्रत्यक्ष ज्ञान त्यो हो जो कुनै इन्द्रीय (आँखा, कान आदि)को कुनै वस्तुसित सम्पर्कको फलस्वरूप हुन्छ । अनुमान त्यो हो, जुन कुनै वस्तुको ज्ञान प्राप्त गर्नुभन्दा पहिले गरिन्छ । उपमान त्यस्तो ज्ञान हो, जो कुनै वस्तुको बारेमा पहिलेबाटै प्राप्त ज्ञानसित अन्य कुनै वस्तुहरूको तुलनाबाट प्राप्त हुन्छ । तथा शब्द, कुनै विश्वसनीय व्यक्तिहरूद्वारा सञ्चारित ज्ञान हो ।

न्यायसूत्रमा प्रत्यक्ष ज्ञानलाई यसरी परिभाषित गरिएको छ- इन्द्रियार्थ सन्निकर्षोत्पन्न ज्ञान मव्य पदेश्याभिचारि व्यवसायत्वकं प्रत्यक्ष । अर्थात् प्रत्यक्ष त्यो ज्ञान हो, जुन कुनै इन्द्रीयको कुनै वस्तुसित सम्पर्कको फलस्वरूप प्राप्त हुन्छ, तथा जुन शब्दमा व्यक्त गर्न योग्य तथा त्रुटिहीन हुन्छ । त्यस्तै, न्यायसूत्रभाष्यमा वात्स्यायनले प्रत्यक्ष-प्रक्रियाको वर्णन यसरी गरेका छन्- आत्माको मनसित संयोग हुन्छ, मनको ज्ञानेन्द्रीयहरूसित सम्पर्क हुन्छ, ज्ञानेन्द्रीयहरूको वस्तुसित सम्पर्क हुन्छ, त्यसपछि जब बाह्य प्रकाश आदिको उपस्थिति हुन्छ; प्रत्यक्ष हुन्छ । गौतमको प्रत्यक्षसम्बन्धी परिभाषालाई हामी ४ भागमा विभाजित गर्न सक्दछौं - पहिलो, इन्द्रीयहरू, दोस्रो अर्थ अथवा जुन वस्तुको ज्ञान प्राप्त गर्नुपर्ने हो, तेस्रो सन्निकर्ष अथवा ती वस्तुहरूको इन्द्रीयसित सम्पर्क र अन्तिम, सम्पर्कद्वारा प्राप्त ज्ञान ।

गौतमले सही ज्ञान प्राप्त गर्नका लागि निम्न पाँचवटा कुराहरू आवश्यक हुनुपर्ने बताउँछन् - एक, त्यो वस्तु जसको ज्ञान प्राप्त गर्नुपर्ने हो, दुई, बाह्य उपकरण (प्रकाश आदि), तीन, इन्द्रीयहरू, चार, मस्तिष्क, जसको बिना इन्द्रीयहरू क्रियाशील हुँदैनन् र पाँच, निरीक्षक अर्थात् ज्ञान प्राप्त गर्नेवाला । यीमध्ये कुनै एकको अभावमा पनि ज्ञान प्राप्त हुन नसक्ने सूत्रमा उल्लेख गरिएको छ । जस्तै - प्रकाशको अभावमा कुनै वस्तुलाई राम्ररी देख्न सकिँदैन । त्यस्तै, आँखा कुनै रोगबाट पीडित भयो, जस्तै पीलिया आदि रोग भयो भने दृष्टिमा केही त्रुटि हुनसक्छ । मस्तिष्क अशांत अथवा एकाग्र छैन भने हाम्रो निरीक्षण गलत हुन सक्दछ ।

विद्यमान परिस्थितिसित मेल नखाने विशुद्ध चिन्तन प्रक्रियाको वकालत गर्दै आइरहेका आदर्शवादीहरूलाई गौतमका यी तथ्यहरूले सशक्त चोट पुर्याएको हामी सहजै अनुमान गर्न सक्दछौं । अर्थात् वस्तुगत यथार्थलाई सबैभन्दा बढी महत्व दिइन्छ । यो कुरालाई गौतमले आफ्नो सूत्रमा बारम्बार जोड दिएका छन् । गौतमका कतिपय तथ्यहरू अहिलेका दिनहरूमा त्यति सान्दर्भिक नभए पनि 'हाम्रा विचार तथा सिद्धान्तहरू बाह्य परिस्थितिअनुकूल हुनुपर्दछ' भन्ने मान्यतालाई अहिलेको सन्दर्भमा पनि महत्वपूर्ण पृष्ठभूमिको रूपमा स्वीकार गर्नुपर्ने नै हुन्छ ।

साभार - मूल्याङ्कन मासिक, पूर्णाङ्क १२२

---

**१३१ सरकारी...**

'जिल्ला-जिल्लामा क्षतिको विवरण संकलन भइरहेको छ, कतिपय व्यक्ति र संस्थाका प्रतिनिधि सम्पर्कमा आइनसकेकाले कूल कति रकम बराबरको क्षति भयो भन्ने यकिन भएको छैन,' भट्टले भने-'यसका लागि केही समय अझै लाग्छ ।'

जेनजी आन्दोलनका क्रममा प्रदेशभित्र कुनै मानवीय क्षति नभएको जानकारी दिँदै उनले प्रहरीतर्फ ३७ जना र आन्दोलनकारीतर्फ २० जना घाइते भएको बताए ।

**जिल्ला सरकारी वकिल कार्यालयमा ४ करोड ४१ लाखको क्षति**

सरकारी कार्यालयतर्फ प्राप्त क्षतिको विवरणअनुसार सिद्धार्थनगर नगरपालिकामा २२ लाख, रूपन्देहीको गैंडहवा गाउँपालिका भवनमा १० लाख २८ हजार, रूपन्देहीकै मायादेवी गाउँपालिका भवनमा २२ लाख, जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीको भवनमा ४ करोड ४१ लाख, जिल्ला अदालत रूपन्देहीमा २० लाख, जिल्ला ट्राफिक प्रहरी कार्यालय रूपन्देहीमा ६५ लाख १० हजार, इलाका प्रहरी कार्यालय मंगलापुरमा ४० लाख, अस्थायी प्रहरी पोष्ट गल्लामण्डी भैरहवामा २० लाख, अस्थायी ट्राफिक प्रहरी पोष्ट नेपालगञ्जमा १५ लाख, इप्रका जयसपुर बाँकेमा १२ लाख, अस्थायी ट्राफिक प्रहरी पोष्ट मंगलापुरमा ७ लाख रुपैयाँको क्षति भएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । यस्तै बर्दियाको गुलरिया नगरपालिका भवनमा भएको आगजनीबाट एक करोड ३२ लाखको क्षति भएको उल्लेख छ । बुटवल उप-महानगरमा भएको आगजनीको क्षति भने उल्लेख छैन ।

**कहाँ कहाँ आक्रमण भयो ?**

**रूपन्देही :**

रूपन्देहीमा बुटवल उप-महानगरपालिका, लुम्बिनी प्रदेशका प्रदेश प्रमुखको कार्यालय, उनको निवास, उच्च अदालत तुलसीपुर बुटवल इजलास, बुटवल मालपोत कार्यालय, यातायात कार्यालय, प्रदेश लोकसेवा आयोग, श्रम कार्यालय बुटवल, प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय, मुख्यमन्त्रीको सम्पर्क कार्यालय, बुटवल उप-महानगरपालिका वडा नं. ४ को कार्यालय, उच्च सरकारी वकिल कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय बुटवल, अख्तियार दुरूपयोग अनुसन्धान कार्यालय, इलाका प्रशासन कार्यालय बुटवल, आन्तरिक राजस्व कार्यालय बुटवल, नेकपा एमाले प्रदेश कार्यालय, जीवराज आश्रित स्मृति प्रतिष्ठान, बीपी स्मृति प्रतिष्ठानमा आगजनी र तोडफोड भएको छ ।

त्यस्तै भैरहवास्थित जिल्ला अदालत, सिद्धार्थनगर नगरपालिकाको कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, भैरहवा भन्सार कार्यालय, जिल्ला वन डिभिजन कार्यालय,आन्तरिक राजस्व कार्यालय भैरहवा, लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय, कञ्चन गाउँपालिका वडा नं.१ को कार्यालय, तिलोत्तमा नगरपालिका वडा नं. ५ का कार्यालयमा आगजनी र तोडफोड गरिएको छ ।

त्यस्तै सैनामैना नगरपालिका र देवदह नगरपालिकामा पनि तोडफोड भएको छ । बुटवल बसपार्कमा रहेको अस्थायी प्रहरी बिट, जिल्ला ट्राफिक प्रहरी कार्यालय भैरहवा, इलाका प्रहरी कार्यालय मङ्गलापुर र अस्थायी प्रहरी बिट गल्लामण्डीमा पनि आगजनी र तोडफोड भएको छ । यस्तै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका सरकारी गाडीहरूमा पनि तोडफोड र आगजनी गरिएको छ ।

यस्तै भैरहवास्थित बोधी रेडसेन होटेलमा आगजनी, तोडफोड भएको छ । यो होटल कांग्रेस नेता एवं पूर्व सांसद प्रमोद यादवको हो । होटेलमा रहेको क्यासिनो समेत आगजनीबाट ध्वस्त बनेको छ । यस्तै नेकपा एमाले प्रदेश कार्यालय र तिलोत्तमामा रहेको नगर पार्टी कार्यालय तथा भैरहवामा रहेको जिल्ला पार्टी कार्यालयमा आगजनी भएको छ ।

यस्तै नेपाली कांग्रेसको भैरहवास्थित जिल्ला पार्टी कार्यालय र बुटवल मैनाबगर स्थित नगर पार्टी कार्यालयमा आगजनी भएको छ ।

यस्तै बुटवल माझगाउँमा रहेको माओवादी केन्द्रको पार्टी कार्यालयमा पनि आगजनी र तोडफोड गरिएको छ । यस्तै बुटवलको भाटभटेनी सुपर मार्केटमा तोडफोड र लुटपाट भएको छ ।

**दाङः**

दाङमा तुल्सीपुर उपमहानगरका दुई प्रशासनिक भवनसहित दर्जनौं सरकारी कार्यालयमा आगजनी र तोडफोड भएको छ । जसमा इलाका प्रशासन कार्यालय तुल्सीपुर, उच्च अदालत, आन्तरिक राजस्व, लोकसेवा आयोग, मालपोत, यातायात, आयल निगम, तुल्सीपुर नगरविकास कार्यालयमा तोडफोड र आगजनी, भएका छन् । यस्तै तुल्सीपुर ८ र १८ नं. वडा कार्यालय, घोराही उप-महानगरपालिका कार्यालय, जिसस कार्यालय, सरकारी वकिल, जिल्ला अदालतसहित घोराहीका डेढ दर्जन कार्यालयमा तोडफोड र आगजनी गरिएको छ ।

दाङमा करिब १० वटा प्रहरी कार्यालय र चौकीहरूमा तोडफोड भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय घोराहीको भवनमा आगजनी गरिएको छ भने वडा नं. ३ चौपट्टामा रहेको अस्थायी प्रहरी बिटमा तोडफोड भएको छ ।

त्यस्तै घोराही ४ रामपुरस्थित प्रहरी चौकी, गोग्ली पोस्ट, इलाका प्रहरी कार्यालय नारायणपुर, बेलझुण्डीस्थित अस्थायी प्रहरी पोस्ट, वडा प्रहरी कार्यालय घोराहीमा समेत तोडफोड र आगजनी भएको छ । त्यस्तै जिल्ला प्रहरी कार्यालय र सर्रामा रहेका २ वटा अस्थायी प्रहरी पोस्टको बिटमा तोडफोड भएको छ ।

दाङका विभिन्न स्थानहरूमा रहेका विभिन्न राजनीतिक दलहरूका ८ वटा पार्टी कार्यालयमा पनि तोडफोड र आगजनी भएको छ । प्रहरीका अनुसार नेकपा एमाले र नेपाली कांग्रेसका जिल्ला पार्टी कार्यालय, घोराही स्थित माओवादी केन्द्र, राप्रपा, नारायणपुरमा रहेको नेपाली कांग्रेसको पार्टी कार्यालयमा पनि तोडफोड र आगजनी भएको छ । त्यस्तै तुलसीपुरस्थित नेकपा एमाले, नेपाली कांग्रेस र माओवादी केन्द्रका पार्टी कार्यालयमा आगजनी र तोडफोड गरिएको छ ।

यस्तै आधा दर्जन बढी व्यक्तिका घर र प्रतिष्ठानहरूमा आगजनी र तोडफोड गरेका छन् । प्रहरीका अनुसार घोराहीस्थित पूर्व मेयर नरूलाल चौधरी, पूर्व सांसद हिराचन्द्र केसीको घरमा आगजनी र तोडफोड भएको छ । त्यस्तै पूर्व मन्त्री गेहेन्द्र गिरीको घरमा आगजनी र तोडफोड भएको छ ।

घोराही उप-महानगरपालिकामा रहेको एमाले नेतृ कोमल वलीको होटेल मालाइनमा पनि प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका छन् ।

**कपिलवस्तु :**

कपिलवस्तुमा तौलिहवामा रहेका नापी कार्यालय, जिल्ला अदालतका न्यायाधीशको निवास, कर कार्यालय, जिल्ला कारागार र जिल्ला अदालतमा तोडफोड गरिएको छ । यस्तै राजनीतिक दलका पार्टी कार्यालय र नेताहरूका घर गरी १२ वटा भवनमा आगजनी र तोडफोड गरिएको छ ।

कपिलवस्तुमा नेकपा एकीकृत समाजवादी पार्टी कार्यालयमा बोर्ड तोडफोड, नेपाली कांग्रेसको पार्टी कार्यालयमा तोडफोड र आगजनी गरिएको छ । त्यस्तै वाणगंगा नगरपालिकाका प्रमुख चक्रपाणि अर्याल, उपप्रमुख रीता कुमारी चौधरी, निवर्तमान भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी, राष्ट्रियसभा सदस्य विमला घिमिरे, पूर्व सांसद दीप कुमार उपाध्याय, भूमि आयोगका अध्यक्ष झविलाल पोखेल, एमाले नेता डम्मर शर्मा र पूर्व मन्त्री सुरेन्द्रराज आचार्यको घरमा आगजनी र तोडफोड भएको छ ।

**बाँकेः**

बाँकेमा झन्डै दुई दर्जन सरकारी र व्यक्तिका भवनमा आगजनी र तोडफोड गरिएको छ । प्रहरीका अनुसार बाँकेको कोहलपुरस्थित नापी कार्यालय, मालपोत कार्यालय, विद्युत् कार्यालय, कोहलपुर नगरपालिकाको कार्यालय, राजस्व कार्यालय, इलाका प्रशासन कार्यालय र कोहलपुर नगरपालिका वडा नं. ८ को कार्यालयमा आगजनी र तोडफोड गरिएको छ ।

त्यस्तै नेपालगञ्ज उप-महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, यातायात व्यवस्था कार्यालय, जिल्ला अदालत, उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास, मालपोत कार्यालय नेपालगन्ज, नेपालगञ्ज भन्सार कार्यालय, नरैनापुर गाउँपालिका कार्यालय इलाका प्रशासन कार्यालय नरैनापुर, इलाका प्रहरी कार्यालय जयसपुर र ट्राफिक पोस्ट नेपालगञ्जमा आगजनी र तोडफोड गरिएको छ ।

**पश्चिम नवलपरासी :**

नवलपरासीमा सरकारी, संघसंस्था र निजी गरी झन्डै ४० भवनमा क्षति भएको छ । जसमा बर्दघाट नगरपालिकाको कार्यालय, बर्दघाट वडा नं. १, वडा नं. ४, वडा नं १०, सरावल गाउँपालिका वडा नं १ र वडा नं. २ को कार्यालय र राष्ट्रिय आवास कम्पनी आगजनी र तोडफोडबाट पूर्णरूपमा ध्वस्त भएका छन् ।

त्यस्तै पारिजात सामुदायिक वनको कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय र त्यहाँ रहेका दुई वटा सरकारी गाडी र एउटा मोटरसाइकलमा आगजनी र तोडफोड भएको छ ।

यस्तै रामग्राम नगरपालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, सुनवल नगरपालिकाको १ नं. वडा कार्यालय, प्रतापपुर गाउँपालिका, सुस्ता गाउँपालिका, पाल्हिनन्दन गाउँपालिका, वडा नं. ३ को कार्यालय, सरावाल गाउँपालिका ७ नं. वडा कार्यालयमा तोडफोड र आगजनी भएको छ । त्यस्तै नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी पार्टीका कार्यालयहरूमा आगजनी र तोडफोड गरिएको छ । प्रतापपुर गाउँपालिकाको लु १ झ ३७० नं को चार पाङ्ग्रे गाडी र सुस्ता गाउँपालिकाको गाडीमा आगजनी भएको छ ।

प्रदर्शनकारीहरूले सुनवल नगरपालिकाका उपमेयर सूर्य दुवे, नगरपालिकामा कार्यरत कर्मचारी सव इञ्जिनियर रेशम शर्मा, एमाले नेता थानप्रसाद गैरे, प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादव र सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्यायको घरमा आगजनी तथा तोडफोड गरेका छन् ।

**बर्दियाः**

बर्दियामा नेपाली कांग्रेसका नेता एवं संघीय सांसद सञ्जयकुमार गौतमको गुलरियामा रहेको घरमा र गुलरिया नगरपालिकाको भवनमा तोडफोड र आगजनी भएको छ । त्यस्तै बगलामुखी स्थित नेपाली काँग्रेस र नेकपा एमालेको पार्टी कार्यालयका भवनमा क्षति भएको छ ।

**अर्घाखाँचीः**

अर्घाखाँचीमा चार वटा सरकारी कार्यालय, पाँच वटा पार्टी कार्यालय र एउटा निजी भवनमा आगजनी र तोडफोड भएको छ ।

अर्घाखाँचीमा मुख्यमन्त्री चेतनारायण आचार्यको सन्धिखर्कमा रहेको घरमा आगजनी भएको छ । यस्तै जिल्ला समन्वय समितिको कार्यालय, सन्धिखर्क नगरपालिका, सन्धिखर्क वडा नं. १ र वडा नं. २ को कार्यालयमा तोडफोड भएको छ ।

यस्तै नेकपा एमाले, नेपाली कांग्रेस, राप्रपा, रास्वपा र राष्ट्रिय जनमोर्चाका कार्यालयहरूमा आगजनी र तोडफोड भएको छ । नेपाली कांग्रेस र एमालेका कार्यालय भवनमा आगो लगाइएकोछ भने राप्रपा, रास्वपा र राष्ट्रिय जनमोर्चाका कार्यालयबाट भने कागजात बाहिर ल्याएर जलाइएकोछ ।

**गुल्मी :**

गुल्मी तम्घासमा रहेका नेकपा एमाले, नेपाली कांग्रेस र माओवादी केन्द्रका पार्टी कार्यालयमा आगजनी र तोडफोड भएको छ । अन्य सरकारी र निजी सम्पत्तिमा भएको छैन ।

**प्यूठान :**

प्यूठान बाग्दुलामा रहेको नेपाली कांग्रेसको कार्यालय, बिजुवारमा रहेको नेकपा एमालेको कार्यालय, जुम्रीमा रहेको माओवादी केन्द्रको कार्यालय र खलङ्गामा रहेको राष्ट्रिय जनमोर्चाको पार्टी कार्यालयमा तोडफोड भएको छ ।

**५ जना कैदीबन्दीको मृत्यु**

जेनजी आन्दोलनको क्रममा कारागारबाट भाग्ने क्रममा प्रहरीसँगको झडपमा परी ५ जना कैदीबन्दीको मृत्यु भएको थियो । लुम्बिनी प्रदेश प्रहरीका अनुसार बाँकेको नौबस्तास्थित बाल सुधार गृहमा रहेका बालबन्दीहरू भाग्ने क्रममा प्रहरीसँग झडप भएको थियो । उक्त बाल सुधार गृहबाट ९० जना बालबन्दी फरार भएका थिए । तीमध्ये ५ जनाको मृत्यु भए पनि ८५ जना अझै फरार छन् ।त्यस्तै कपिलवस्तु कारागारबाट ४३१ जना कैदी फरार रहेकोमा ५६ जना मात्रै पक्राउ परेका छन् । कैदीबन्दीहरूले भदौ २४ गते कारागार फोरेर भागेपछि जिल्ला अदालतमा आगो लगाएका थिए । यस्तै दाङबाट पनि २१३ जना फरार भएका कैदीमध्ये ४० जना पक्राउ परेका छन् । दाङमा यसअघि ४६९ जना कैदी रहेकोमा हाल २५६ जना मात्रै कैदी छन् ।

त्यस्तै बाँकेको नौ बस्ता कारागारबाट पनि १५० जना कैदीबन्दी फरार भएका थिए । तीमध्ये कुनै पनि पक्राउ परेका छैनन् ।

**रुपन्देही...**

जिल्ला प्रहरी कार्यालयले तयार गरेको प्रारम्भिक तथ्यांकअनुसार ७ वटा प्रहरी युनिटमध्ये ६ वटा आशिंक र १ वटा पूर्णरूपले क्षति पुगेको छ । यस्तै सरकारी कार्यालयतर्फ ३३ वटामा आंशिक, ३ वटामा समान्य, निजीतर्फ १ वटा निजी घर पूर्णरूपले क्षति भएको छ भने २२ वटा आंशिक, १ वटामा सामान्य क्षति पुगेको छ । यस्तै निजी व्यवसायिक संस्थातर्फ ६ वटामा आंशिक, १ वटामा सामान्य, राजनैतिकतर्फ १६ वटा कार्यालयमा आंशिक र १ वटामा सामान्य क्षति भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी डीएसपी सुरज कार्कीले जानकारी दिए ।

डीएसपी कार्कीका अनुसार जिल्लामा कुल १७० वटा सवारीसाधनमा आगजनी र तोडफोड भएको जानकारी आएको हो । उनले नेपाल प्रहरीका ३ वटा २ पाङ्ग्रे र १ वटा ४ पाङ्ग्रे गरी ४ वटा सवारीसाधनमा क्षति पुगेको छ । यस्तै सरकरी कार्यालयका ६८ वटा २ पाङ्ग्रे, ४५ वटा ४ पाङ्ग्रे गाडी, निजी तथा गैर सरकारी संस्थाको १ वटा २ पाङ्ग्रे र ४ वटा ४ पाङ्ग्रे, निजी २७ वटा २ पाङग्रे । २१ वटा ४ पाङ्ग्रे गाडीमा क्षति पुगेको छ ।

जिल्लामा कुल ९९ वटा २ पाङग्रे र ७१ वटा ४ पाङ्ग्रे गाडीमा क्षति पुगेको कार्यालयको तथ्याङ्क छ । रूपन्देहीमा सरकारी भवन र त्यहाँ आवश्यक सामग्री जलाएर नष्ट गरिए पनि सवारी साधन बचाउनमा कतिपय कार्यालय सफल भएका छन् । प्रदर्शन भड्किनु पूर्व जिल्ला प्रशासनसित सम्पर्कमा रहेका कार्यालयले आफ्ना गाडी नजिकको प्रहरी कार्यालय र सुरक्षित ठाउँमा राखेको कारण जोगिएको सहायक प्रमुख जिल्ला अधिकारी चिरिञ्जिवी रानाले बताए ।

रूपन्देहीमा लोकसेवा आयोगका चारवटा गाडी तथा मोटरसाइकल र स्कुटर गरी ११ वटा, राष्ट्रिय वाणिज्य बैंक, श्रम कार्यालय र इलाका प्रशासन कार्यालय बुटवलको एक-एकवटा गाडी नष्ट भएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेका ५ सरकारी गाडी जलेर नष्ट भएका छन् । भैरहवा भन्सारमा पनि बैंकको गाडी जलेको छ ।

आन्दोलनमा सबैभन्दा बढी भौतिक पूर्वाधारमा क्षति व्होर्नु परेको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बमेंलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
● ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
● लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८०७६०६०६२२

बाँकी पृष्ठ ४ मा

बुटवल–नारायणगढ सडकः

# दसैंमा यात्रा सकस पूर्ण हुने



**रामकुमार श्रेष्ठ**
*नवलपरासी*

नेपालीहरुको महान पर्व दसैं नेपालीको घर आँगनमै आइपुग्न थालेको छ । रोजगारको शिलशिलामा वा अध्ययनका लागि काठमाडौंलगायतका शहरहरुमा बस्दै र अध्ययन गर्दै आएकाहरु घर फर्कन सुरु गरिसकेका छन्, तर ति यात्रुहरुलाई दाउन्नेको सडकले भने पछिल्लो ३ दिन यता निक्कै सास्ती दिएको छ ।

बुधबारदेखि नवलपरासीको दाउन्ने सडक खण्डमा सडक नियमित हुन सकेको छैन । बुधबार बिहानैदेखि दाउन्नेको विश्वकर्मा बाबा मन्दिर नजिकै सडक अवरुद्ध हुन पुगेको थियो भने बिहीबार साँझदेखि दाउन्नेको खुर्सानी खोला र शुक्रबार दिउँसो ६५ मोड नजिकै पहिरो खस्दा यो सडक अवरुद्ध हुन पुग्यो । ३ दिनमा ३ पटक सडक पूर्णरुपमा अवरुद्ध भयो भने शुक्रबार साँझसम्म दाउन्ने सडक खण्डमा बर्दघाटदेखि दुम्किबाससम्म १४ किलोमिटर भन्दा लामो सवारी साधनको जाम रहेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरका प्रहरी निरीक्षक जनक बन्जाराका अनुसार दाउन्नेमा सडक बेलाबेलामा अवरुद्ध हुँदा यात्रुहरुले निक्कै सास्ती बेहोर्नु परेको छ ।

दाउन्नेको १४ किलोमिटर सडक पार गर्न सवारी साधनहरुलाई १० देखि १६ घण्टासम्म लाग्ने गरेको छ । साना तथा ठूला सवारी साधन, लरी, ट्रक, यात्रुवाहक बस, शव वाहनदेखि एम्बुलेन्ससम्म जाममा परेका छन् ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले यस अघि गत साता बुटवल नारायणगढ सडक विस्तारको जिम्मा लिएको चाइना स्टेट इन्जिनियरिङ्ग कम्पनी र सडक आयोजनाका कर्मचारीहरुलाई दसैं अगाडि दाउन्नेको सडक पिच वा ढलानको काम सक्न निर्देशन दिएको भए पनि अहिले दाउन्ने सडक खण्डमा कुनै काम भएको देखिदैन ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले आफूले दिएको निर्देशन र उनीहरुको प्रतिबद्धता अनुसार काम नगरेको बताए । उनले भने - 'काम गरेको देखिंदैन । दाउन्नेमा अहिलेदेखि नै सास्ती हुन थाल्यो दसैंमा यात्रु तथा सवारी साधनको चाप झन बढ्छ । बैठक बसेर हामी यस विषयमा थप छलफल गर्दैछौं ।'

दाउन्नेको १४ किलोमिटर सडक खण्डमध्ये बर्दघाट (पश्चिम नवलपरासी) खण्डमा ३ किलो मिटर सडक कालो पत्रे भएको छ । त्यसका अवला अहिले ३ किलोमिटर थप ढलानको काम सकिएर ढलानबाट सवारी साधन आवत जावत गर्न थालेको छ । त्यसका अवला अन्य २ किलोमिटर सडक एकतर्फी ढलान सकिएको सडक आयोजनाका प्रमुख इञ्जिनियर चुडाबहादुर ढकालले जानकारी दिए । उनका अनुसार दसैं अगाडि दाउन्ने सडक खण्डमा अन्य भौतिक संरचना निर्माण हुने सम्भावना छैन । उनले भने - 'यस्तै पानी परे कसरी यात्रा सहज गराउने र पानी रोकिए दसैंमा यात्रुहरुलाई यात्रा सहज गराउन कसरी सकिन्छ भन्ने बाहेक अरु विकल्प छैन ।'

**यात्रुहरुलाई सकस**

बुटवलका सुशिल पाण्डे काठमाडौंमा कलेज बिदा भएपछि शुक्रबार घर फर्किए । बुटवल घर भएका सुशील पाण्डे करिब २ बजेतिर दुम्किबास आइपुगेका हुन् । उनीसँगै उनका साथीहरु पनि बसमा सँगै यात्रारत रहेका थिए । उनी साँझ ६ बजेसम्म दुम्किबासमै जाममा परेका छन् । बाँकी १४ किलोमिटर सडक पार गर्न कति घण्टा लाग्ने हुने कुनै ठेगान छैन ।

उनी मात्रै होइन काठमाडौंबाट बुटवल, अर्घाखाँची, पाल्पा, दाङ, भैरहवालगायतका क्षेत्रका विद्यार्थीहरु दाउन्नेका जाममा रोकिएका प्रशस्तै भेटिएका थिए ।

भैरहवाबाट भरतपुर बिरामी लिएर जाँदै गरेका ग २ च ३३८ नम्बरका एम्बुलेन्स चालक कृष्णप्रसाद तिवारी बिहान ८ बजे बर्दघाटको उकालो उक्लेका थिए । उनी दाउन्नेका जाम छिचोल्दै दुम्किबास आइपुग्दा झण्डै साँझको ५ बजिसकेको थियो । उनका अनुसार एम्बुलेन्सलाई पनि दाउन्नेको बाटो पार गर्न ८ देखि ९ घण्टा लागेको थियो । उक्त एम्बुलेन्सको पछि-पछि एउटा शव वाहन पनि थियो उक्त शव वाहनलाई पनि दाउन्ने छिचोल्ने ८ घण्टा लागेको थियो ।

भारतको हैदरावादबाट काठमाडौं समान छाड्न आएका लरी चालक सन्तोष यादव बिहीबार साँझ ८ बजेदेखि दाउन्नेका जाममा फसेका थिए ।

उनी शुक्रबार साँझ ४ बजे मात्र दुम्किबास आइपुगेका थिए । उनका अनुसार दाउन्नेको उकालो कटाउन उक्त लरीलाई करिब १६ घण्टा लागेको थियो ।

बर्दघाटदेखि दुम्किबाससम्म करिब १४ किलोमिटर सडक खण्डमा पुरै सवारी साधनको लामो लाइन रहेको छ ।

# देउवाको टाउकामा १२ टाँका



बुटवल । सभापति शेरबहादुर देउवाको स्वास्थ्य अवस्था क्रमिक रुपमा सुधार हुँदै गएको नेपाली कांग्रेसले जानकारी गराएको छ ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित पार्टी बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले देउवाको स्वास्थ्यबारे जानकारी गराएका हुन् ।

'सुरुमा हामी अत्तालिएका थियौं । लगत्तै स्वास्थ्य उपचार राम्रो हुँदै गयो । उहाँहरू अहिले सामान्य अवस्थामा हुनुहुन्छ । स्वास्थ्यमा सुधार भइरहेको छ ।'- विश्वकर्माले भने । सभापति देउवाको उपचार कहाँ भइरहेको भन्नेबारे उनले बताएनन् ।

'सभापतिज्यूले दिनुभएको जानकारी अनुसार, गर्दनभन्दा माथि गम्भीर चोट लागेको छ । त्यहाँ १२ वटा टाँका लगाइएको छ,' विश्वकर्माले भने-'त्योभन्दा तल सामान्य चोट छ । त्यो टाँका लागेको ठाउँ र चोट निको हुँदै गएको अवस्था छ ।'

देउवा अहिले सामान्य बोलचाल र हिँड्डुल गर्नसक्ने अवस्थामा छन् ।

'उहाँ सामान्य बोलचाल, हिँड्डुल गर्नसक्ने अवस्थामा हुनुहुन्छ । पार्टी र अन्य साथीहरूसँग पनि बोलचाल गर्नसक्ने अवस्थामा हुनुहुन्छ । चाँडोभन्दा चाँडो स्वास्थ्यमा सुधार भइरहेको अवस्थामा छ ।'- उनले भने । चिकित्सकले केही दिन अझै अस्पतालमा राख्नुपर्ने बताएको पनि उनले जानकारी गराए ।

'केही दिन अझै अस्पतालमा राख्ने । उठ्दा चक्कर लाग्ने, धेरैबेर बोल्दा असहज हुने भइरहेको छ ।'- उनले भने ।

चिकित्सकले धारिलो हतियारबाट घाउ लागेको बताए पनि के हतियार भन्ने चाहिँ नखुलेको उनले बताए ।

गत २४ भदौमा जेनजीहरूले गरेको प्रदर्शनका क्रममा बुढानीलकण्ठस्थित निवासमै उनीहरूमाथि कुटपिट भएको थियो ।

कुटपिटका क्रममा गम्भीर घाइते भएका उनीहरूलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गर्ने प्रयास गरिएको थियो । तर, आक्रोशित युवाहरूले त्यतिबेला अवरोध गरेका थिए ।

पछि सेनाले स्थलमार्ग हुँदै बुढानीलकण्ठबाट उद्धार गरेको थियो ।

# संविधानको रक्षाका लागि सबै एक भएर लाग्नु पर्ने

नवलपरासी । नेपाल कम्यूनिष्ट पार्टी एमाले नवलपरासी पश्चिमले मोनमोहन स्मृति भवन परासीमा 'नेपालको संविधानको रक्षा गरौं' भन्ने नाराका साथ संविधान दिवस २०८२ मनाएको छ ।

नेपाल कम्यूनिष्ट पार्टी एमालेका केन्द्रीय सदस्य सरिता खनालले नेपालको संविधानको महत्वमाथि चर्चा गर्दै जनताको बलीदानीबाट संविधानसभाको माध्यमबाट आएको २०७२ को संविधानको रक्षाका लागि सबै एक भएर लाग्नु पर्ने बताइन् ।

नेकपा एमाले नवलपरासी इञ्चार्ज समेत रहेकी खनालले जेनजीको आन्दोलनले उठाएका माग सकारात्म रहेको र उनीहरुका माग निर्वाचित संसदबाटै समाधान गर्नु पर्ने बताउँदै जेनजीको आन्दोलमा घुसपैठ भएका कारण महत्वपूर्ण संरचनाहरुमा क्षति पुऱ्याएर नेपालको इतिहास मेटाउने प्रयास गरिएको र त्यसको छानबिन गर्नु पर्नेमा जोड दिइन । एमालेले अहिलेको अवस्थाको समीक्षा गरेर अगाडि बढ्नुको विकल्प नभएकोमा जोड उनले दिइन ।

पार्टी अध्यक्ष दिपेन्द्र अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले केन्द्रीय सल्लाहकार सदस्य खीमलाल पोखरेल, नेकपा एमाले स्कुल विभागका केन्द्रीय सदस्य बद्री खनाल, राष्ट्रियसभाका पूर्व सदस्य रामलखन हरिजन, पनेकपा एमाले लुम्बिनी प्रदेश सदस्य फूलकुमारी गिरि, नेकपा एमाले उप-सचिव रिङ्गला यादव, कार्यालय सचिव रामचन्द्र भन्डारीलगायतले २०८२ को संविधानका बारेमा चर्चा गरेको कार्यक्रममा नेपाल वार एसोसीएसन नवलपरासी वार इकाइका अध्यक्ष रमेश पौडेलले कार्यपत्र पेश गरेका थिए ।

धुर्कोटको संविधान दिवस :

# विकासमा योगदान गर्नेलाई सम्मान



गुल्मी । गुल्मीको धुर्कोट गाउँपालिकाले पालिकाको विकासमा योगदान गर्ने व्यक्तिहरूलाई सम्मान गरेको छ । बुधबार संविधान दिवसको अवसरमा पालिकाको विकासमा योगदान गर्ने समाजसेवी, शिक्षक, कर्मचारी, पत्रकार, संघ संस्थालगायतलाई सम्मान गरेको हो ।

गाउँपालिकाले ५० हजार राशिको समाजसेवी पुरस्कारबाट वडा नम्बर ५ वस्तु निवासी महेन्द्र भण्डारीलाई सम्मान गरेको छ । त्यसैगरी १५ हजार राशिको उत्कृष्ट कृषक तथा पशुपालक वर्ष पुरस्कारबाट वडा नम्बर १ का मीना ताम्राकार र वडा नम्बर ७ का तारापती गिरी सम्मानित भएका छन् । १० हजार राशिको उत्कृष्ट पत्रकारिता वर्ष पुरस्कारबाट अनिता खत्री, सन्तोष महतरा र भरत पाण्डे, १० हजार राशिकै उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वर्ष पुरस्कारबाट धुर्कोट आधारभूत अस्पताल, रामप्रसाद पन्थी, तमकला शर्मा र बालबहादुर घर्ती क्षेत्री पुरस्कृत भएका छन् । १० हजार राशिकै उत्कृष्ट कर्मचारी बर्ष पुरस्कारबाट ज्ञानबहादुर कार्की, दामोदर घिमिरे, पवित्रा भुसाल, रोशन खनाल, रमेश पाण्डेय, सुजता गिरी, कृष्णबहादुर पहराई, नारायण पोखरेल, सुरेश शर्मा सम्मानित भएका छन् ।

त्यसैगरी बिमला कार्की, इश्वरी गिरी, कृष्णप्रसाद अधिकारी, दिपेन्द्र कुँवर, गीता घर्ती मगर, भेषराज पन्थी, लीला विश्वर्मा र कृष्णबहादुर थापा पनि उत्कृष्ट कर्मचारी वर्ष पुरस्कारबाट सम्मानित भएका छन् ।

१० हजार राशिको दीर्घ सेवा शिक्षक पुरस्कारबाट भगवती माविका बलराम पन्थी र गणेश माविका रत्नप्रसाद खनाल सम्मानित भएका छन् । कार्यक्रमकै अवसरमा विभिन्न परीक्षाहरूमा उत्कृष्ट अंक ल्याउने विद्यालय, विद्यार्थी तथा शिक्षक पनि सम्मानित भएका छन् । कक्षा ५ मा सर्वोत्कृष्ट सिकाइ उपलब्धि हाँसिल गर्ने देउराली प्राविका शिक्षक कृतमान पुनमगर र पद्मा कुँवरलाई पाँच हजारले सम्मान गरिएको छ ।

शैक्षिक सत्र २०८१ मा कक्षा १२ मा पालिका प्रथम हुने नयाँगाउँ माविका विद्यार्थी आशा खत्री, कक्षा १० मा प्रथम हुने हिमालय माविका विद्यार्थी सन्देश भण्डारी, कक्षा ८ मा प्रथम हुने वाग्ला माविका विद्यार्थी अप्सना घर्ती र कक्षा ५ मा पालिका प्रथम हुने देउराली प्राविका विद्यार्थी विशाल कुँवर नगद पाँच हजारसहित सम्मानित भएका छन् ।

कक्षा १२ मा लगातार दोस्रो पटक शतप्रतिशत नतिजा ल्याउने नयाँगाउँ मावि, कक्षा १० मा शतप्रतिशत नजिता ल्याउने सोमरभोमर मावि र इन्दिरा मावि पनि संविधान दिवसको अवसरमा सम्मानित भएका छन् । गाउँपालिकाले सबैभन्दा पहिले बालमैत्री वडा घोषणा गर्ने वडा नम्बर १ नयाँगाउँलाई एक लाखसहित सम्मान गरेको छ । त्यसैगरी ७० प्रतिशत पुँजीगत खर्च गर्ने वडा नम्बर १ नयाँगाउँ, वडा नम्बर ५ वस्तु र वडा नम्बर ६ रजस्थललाई डेढ लाखसहित सम्मान गरिएको छ । वडामा सबैभन्दा बढी राजस्व संकलन गर्ने वस्तुलाई पनि सम्मान गरिएको सूचना अधिकारी प्रेमलाल खनालले जानकारी दिए ।

# बजार झरे लेकाली भेडाच्याङ्ग्रा



म्याग्दी । दसैं नजिकिँदै गर्दा हिमाली क्षेत्रमा पालिएका भेडाच्याङ्ग्रा बजार झर्न थालेका छन् । किसान तथा व्यापारीहरू भेडाच्याङ्ग्राको बथान लिएर देशका विभिन्न बजारमा आइपुगेका हुन् । हिमाली भेडाच्याङ्ग्रा बजार झरेपछि दसैं पर्व आगमनको झल्को दिन्छ ।

मुस्ताङबाट बेनी-जोमसोम सडक भएर म्याग्दीको रघुगङ्गा गाउँपालिकाको बैसरीमा ल्याइएका भेडाच्याङ्ग्रा ट्रक र कन्टेनरमा राखेर पोखरा, काठमाडौँलगायत ठूला सहरमा ढुवानी गर्न थालिएको छ । नेपाल चौपाया खरिद बिक्री सङ्घका संस्थापक अध्यक्ष ज्ञानकुमार श्रेष्ठले बिहीबारसम्म एक हजार ३०० भेडाच्याङ्ग्रा काठमाडौँ पठाइएको र थप एक हजार ७०० पठाउने क्रममा रहेको जानकारी दिए ।

"दसैँका लागि काठमाडौँ, पोखरा, चितवन र बुटवलका बजारमा आउने भेडाच्याङ्ग्राको मुख्य स्रोत मुस्ताङ, जुम्ला र डोल्पा हो", बीस वर्षदेखि भेडाच्याङ्ग्राको व्यापार गर्दै आएका श्रेष्ठले भने-"तातोपानी र रसुवानाका बन्द भएकाले ठूला सहरमा यसपालि मुस्ताङी भेडाच्याङ्ग्रामात्र झरेका छन् ।"

मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ नामग्यालबाट चार सय ६५ वटा भेडाच्याङ्ग्रा पैदल हिँडाएर ल्याएको श्रेष्ठको टोली बिहीबार म्याग्दीको बैसरी आइपुगेका छ । डोल्पाको काइके गाउँपालिका-२ सहरताराका सञ्जय बुढाले २५ दिनको पैदलयात्रा गरेर एक सय ६० वटा च्याङ्ग्रा बेच्न पोखरा हिँडेको बताए ।

"समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथि उचाइमा किसानले पालेका च्याङ्ग्रा ल्याएर बेच्न आएको हो", उनले भने-"भिर, खोल्सा, साँघुरो बाटोमा च्याङ्ग्रालाई हिँडाएर बजार पुऱ्याएर बिक्री गर्नु हाम्रो परम्परादेखिकै पेसा हो ।"

डोल्पा, जुम्ला र उपल्लो मुस्ताङबाट भेडाच्याङ्ग्रा बेच्न र देशका विभिन्न शहरबाट आएका व्यापारीको जोमसोममा चहलपहल छ । मुस्ताङमा आकारअनुसार प्रतिगोटा रु ३२ देखि ३७ हजारमा च्याङ्ग्रा बिक्री भइरहेको छ । काठमाडौँ पुग्दा गत वर्षको दरमा जिउँदो च्याङ्ग्रा प्रतिकिलो रु एक हजार ३०० का दरले बिक्री गरिने व्यवसायी श्रेष्ठले बताए ।

मुस्ताङस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले यस वर्ष दसैंमा डोल्पा र जुम्लाका तीन हजार तथा मुस्ताङका किसानले पालेका १२ हजार भेडाच्याङ्ग्रा बिक्री हुने अनुमान गरेको छ । जोमसोममा भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण गरेर बजार पठाउने व्यवस्था मिलाएको केन्द्रका प्रमुख पशु चिकित्सक लालमणि अर्यालले जानकारी दिए ।

चाडपर्वका अवसरमा जडीबुटीयुक्त बुकीमा चरेका हिमाली च्याङ्ग्राको मासु उपभोग गर्ने चलन छ । पाँच वर्ष उमेर पुगेका च्याङ्ग्रा मासुका लागि उपभोगी मानिन्छ । मुस्ताङको नामग्यालका किसान तेन्जिङ गुरुङले च्याङ्ग्रापालनबाट जीवीकोपार्जन गरेको बताए । उनले यसपालि ५० वटा च्याङ्ग्रा बिक्री गरेको जनाए । मुस्ताङी भेडाच्याङ्ग्राको ठूलो बजार पोखरा हो । म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ, लमजुङका बजारमा पनि भेडाच्याङ्ग्राको खपत बढी हुने गरेको छ ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका किसानको मुख्य आयस्रोत च्याङ्ग्रापालन हो । च्याङ्ग्राको शरीरबाट निस्कने भुवा पश्मिनाको कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ । हिउँचितुवा र ब्याँसोको आक्रमणबाट बचाउनु च्याङ्ग्रापालक किसानको प्रमुख चुनौती हो । त्यसैगरी पर्याप्त हिउँ नपर्दा लेकाली क्षेत्रमा घाँस कम उम्रिएकाले भेडाच्याङ्ग्राको लागि आहराको अभाव हुन थालेको छ । हिउँदमा आवश्यकताभन्दा बढी हिउँ पर्दा भेडाबाख्रा आहराको अभावमा मर्ने समस्या पनि छ ।

# अझै ८ हजारभन्दा बढी कैदीबन्दीहरू फरार



बुटवल । जेनजी आन्दोलनको क्रममा २४ भदौमा कारागार तोडफोड गरेरका भागेकामध्ये अझै ८ हजारभन्दा बढी कैदीबन्दीहरू फरार रहेका छन् ।

कारागार व्यवस्थापन विभागको तथ्यांकअनुसार अझै पनि ८ हजार ३७५ कैदीबन्दीहरू फरार छन् । कारागारतर्फ ७ हजार ७५३ र सुधारगृहतर्फ ६२२ गरी ८ हजार ३५७ कैदीबन्दी अझै फरार रहेको विभागले बताएको छ ।

देशभरका विभिन्न २८ वटा कारागार र ९ वटा बाल सुधार गृहबाट गरी १४ हजार ५५५ कैदीबन्दी भागेका थिए । जसमा कारागारबाट १३ हजार ५९१ र बाल सुधार गृहबाट ९६४ जना भागेका थिए ।

तीमध्ये अहिलेसम्म कारागारतर्फ ५ हजार ८३८ र बाल सुधारगृहतर्फ ३४१ गरी ६ हजार १७९ कैदीबन्दी फिर्ता आएको विभागका निर्देशक चोमेन्द्र न्यौपानले जानकारी दिए ।

२४ गते साँझसम्म देशभरका कारागारमा २९ हजार २१२ र बाल सुधार गृहतर्फ १ हजार ४२२ गरी ३० हजार ६३४ कैदीबन्दी थिए । जसमध्ये कारागारतर्फ १५ हजार १५८ र बाल सुधार गृहतर्फ ३६३ गरी १५ हजार ५२१ कैदीबन्दी भने भागेका थिएनन् ।

भाग्न खोज्नेलाई नेपाली सेनाले नियन्त्रण लिने क्रममा कैदीतर्फ ५ र बाल सुधार गृहतर्फ ५ गरी १ जनाको मृत्यु समेत भएको थियो ।

मृत्यु हुनेमा रामेछाप कारागारका ३ जना र धादिङ कारागारका २ जना थिए । नौबस्ता बाल सुधार गृहका ५ जनाको पनि मृत्यु भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# पुँजीबजारमा देखिएका समस्या पहिचान गर्न कार्यदल गठन



बुटवल । सरकारले पुँजीबजारमा देखिएका समस्या पहिचानका लागि चार सदस्यीय कार्यदल गठन गरेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार पुँजीबजारमा विकसित विसङ्गति तथा समस्याको अध्ययन गरी तत्काल आमलगानीकर्ताको मनोबल वृद्धिका लागि चाल्नुपर्ने प्रणालीगत तथा प्रक्रियागत सुधारका लागि सुझाव र ठोस कार्यान्वयन कार्ययोजना (रोडम्याप) पेस गर्न कार्यदल गठन गरिएको हो ।

धितोपत्र बोर्डका कायममुकायक कार्यकारी निर्देशक रुपेश केसीको संयोजकत्वमा कार्यदल गठन भएको हो ।

कार्यदलको सदस्यमा नेपाल राष्ट्र बैङ्कका निर्देशक शरण अधिकारी, नेपाल स्टक एक्सचेन्ज लिमिटेडका कायममुकायम कार्यकारी निर्देशक निरन्जन भट्टराई र अर्थ मन्त्रालयका उपसचिव शरद निरौला सदस्य सचिव रहेका छन् ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com